**गौमुल गाउँपालिकाको जे सि वि संचालन कार्यविधि, २०७८**

## प्रस्तावना

स्थानीय पुर्वाधार विकास आयोजना एव परियोजनाहरुलाइ छिटो छरितो र गुणस्तरीय बनाउन तथा मर्मत सम्भार गर्न एउटा आफ्नै डोजर अति आवश्यक देखिएकाले गाउपालिकाको आफ्नै स्वामित्वमा रहेकाडोजरको(जेसिवी) संचालन र व्यवस्थापन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (२) को (घ) ले निर्दिष्ट गरे बमोजिम कार्यपालिकाले यो डोजर संचालन सम्वन्धि कार्यविधि २०७८ जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम डोजर(जेसिवी) संचालन सम्वन्धि कार्यविधि २०७८ रहने छ ।

(ख) यो कार्यविधि गाउँपालिकाबाट पारित भएपछि लागु हुने छ ।

**२. परिभाषाः**

(क) "डोजर(जेसिवी) "भन्नाले गाउँपालिकाको स्वामित्वमा रहेको डोजर (जेसिवी) लाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले गौमुल गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) "समिति" भन्नाले यस कार्यविधि अन्तरगत गठितडोजर (जेसिवी)संचालक समितिलाई सम्झनु पर्दछ ।

(घ) "शाखा" भन्नाले यस गौमुल गाउँपालिकाको प्रशासन शाखा (स्टोर शाखा) शाखालाई सम्झनु पर्दछ ।

(ङ) "कोष" भन्नाले गौमुल गाउँपालिकामा डोजर (जेसिवी) संचालनका लागि तोकिएको कोष सम्झनु पदछ ।

(च) "अपरेटर" भन्नाले डोजर(जेसिवी) चलाउने व्यक्तिलाई सम्झनु पर्दछ ।

(ज) "सेवाग्राही"भन्नाले यस कार्यविधि अनुसार सेवा लिन चाहने सार्वजनिक संघ /संस्था/ समिति /उपभोक्ता समिति र व्यक्तिलाई सम्झनु पर्दछ ।

**(३) संचालन समितिको गठनः**

(क) गौमुल गाउँपालिकामा रहेकोडोजर (जेसिवी) संचालनका लागि देहाय बमोजिमको संचालन समित रहनेछ ।

(क) संयोजकः प्रमुख प्रशासकीय अधिकृत

(ख) सदस्य : प्राविधीक शाखा प्रमुख वा प्रमुख ले तोकेको एकजना प्राविधीक

(ग) सदस्य सचिवः जिन्सी शाखा प्रमुख

वैठकमा आवस्यकता अनुसार आमन्त्रित गर्न सकिने छ ।

**४. समितिको काम कर्तव्य र अधिकारः**

क) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) डोजर प्रयोग सम्बन्धि सम्पूर्ण कार्य गर्ने ।

(२) डोजर को रेखदेख गर्ने ।

(३) संचालनको अवस्थामा नियमन गर्ने ।

(४) मर्मत संभार गर्न लगाउने ।

(५) गाउँकार्यपालिकामा नियमित रुपमा प्रगति प्रतिवेदन पेश गर्ने ।

(६) डोजर संचालक सम्वन्धि सम्पूर्ण आवस्यक काम काज गर्ने गराउने ।

**५. समितिको वैठकः**

(क) समितिको वैठक दुई महिनाको एक पटक बस्नेछ ।

(ख) आवस्यक भएका जुन सुकै वेला पनि समितिको वैठक वस्न सक्नेछ ।

**६. डोजर को उपलब्धता सम्वन्धी व्यवस्थाः**

(क) सेवा ग्राहीले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

(ख) गाउँ पालिकाबाट उपलब्ध गराईने डोजरको भाडादर बुदा नं.१० बमोजिम हुनेछ ।

(ग) सेवा ग्राहीले अनुसूची १ बमोजिम फाराम भरी समितिको सिफारिसमा अनुसूची २ बमोजिमको सम्झौता गराई ईक्युप्मेन्ट उपलव्ध गराईने छ ।

(घ) तत्काल डोजर प्रयोगमा ल्याउनु पर्ने अवस्था उत्पन्न भएमा पछि समितिको वैठकवाट अनुमोदन गराउने गरि सम्वन्धित शाखाले डोजर उपलव्ध गराउन सकिनेछ ।

(ङ) अग्रिम दस्तुर वुझाएको भन्दा बढी समय प्रयोग गरेमा नियमानुसार थप दस्तुर बुझाउनु पर्ने छ ।

(च) लापरवाहीका कारणले डोजर मा कुनै क्षति पुग्न गएमा सो को जिम्मेवारी साधान माग गर्ने सेवा ग्राहीको हुनेछ ।

(छ) विपत्ति र पालिकाबाट आयोजना गरिने विशेष कार्यका सन्दर्भमा डोजर संचालन गर्नु पर्ने भएमा महसुल छुट गरी प्रयोग गर्न सकिनेछ । सो को बिषयमा कार्यपालिकाले निर्णय गर्नु पर्नेछ ।

(ज) गाउँपालिका बाट सम्झौता गरि कार्य संचालन हुने उपभोक्ता समितिहरुको हकमा तत्काल भाडा बुझाउन नसक्ने भएमा रकम भुक्तानी हुदाँ कटाउने गरि डोजर उपलव्ध गराउन सकिनेछ ।

**७. संचालन कोषको व्यवस्थाः**

(क) डोजर संचालनको लागी एउटा छुट्टै कोष खडा गरिने छ । उक्त कोषमा देहाय बमोजिमको रकम रहने छ ।:

१. पालिकाबाट विनियोजन रकम ।

२. सेवा ग्राहीबाट प्राप्त दस्तुर ।

३. विभिन्न निकायबाट प्राप्त रकम ।

**८. कोषको संचालन विधिः**

१. प्रचलित कानून अनुसार गाउँ पालिकाको खाता संचालन गर्ने प्रकृया अनुसार कोष संचालन हुनेछ ।

२.खाता प्रमुख प्रशासकिय अधिकृत र लेखापालको सयुक्त दस्तखतमा हुनेछ ।

**९. विविधः**

(क) यसमा उल्लेख नभएका अन्य व्यवस्था कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(ख) कार्यपालिकावाट यो कार्यविधि आवश्यकता अनुसार परिमार्जन गर्न सकिनेछ ।

(ग) यस कार्यविधिको व्याख्या कार्यपालिकाले गर्नेछ ।

**१०.डोजर दर रेट सम्वन्धमा:**

डोजर भाडामा प्रयोग गरे वापतको दररेट देहाय बमोजिम हुनेछ ।

| सि.नं. | उपकरणको नाम | दररेट (ईन्धन बाहेक) | दररेट (ईन्धन सहित) | केफियत |
|---|---|---|---|---|
| १. | डोजर (जेसीवी) | प्रति घण्टा रु.३५००। | प्रति घण्टा रु.६०००। | |

## अनुसूची-१

## (वुदाँ ६ को (क) संग सम्वन्धित)

डोजर भाडामा लिने सम्वन्धि निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु
गौमुल गाउँपालिकाको कार्यलय
सुईजिउला, वाई, बाजुरा ।

...................... कामको लागि गाउँपालिकाको नियमानुसार गाउँपालिकाको डोजर उल्लेखित समयको लागि उपलव्ध गरि दिनु हुन निवेदन गर्दछु ।

१. डोजरको कार्यको विवरण

- स्थानः.............................
- सिफ्टः...........................
- कहिले देखि कहिले सम्म अनुमानित कार्य अवधि .......... देखि ..............सम्म ।

कार्यलयको नियमानुसार राजश्व जम्मा गरि सके पछि मेशिन लैजाने र काम गर्ने कुरामा कार्यालयले तोकेको सम्पूर्ण नियम तथा सर्तहरु पालना गर्न मन्जुर गर्दछु ।

निवेदकको पुरा नामः ............................
निवेदकको ठेगानाः ..................................
निवेदकको टेलिफोन नं. ..........................
निवेदक वा निजको प्रतिनिधको हस्ताक्षरः............................

........................................................................................................................

**<u>(अफिसको कामको लागी मात्र)</u>**

श्री गौमुल गाउँपालिका
श्री आर्थिक प्रशासन शाखा

..........................निम्न बमोजिम रकम आम्दानी बाध्नुहोला ।

भाडामा दिएको विवरण :

भाडा दर : ..................................जम्मा राजश्व रकम ।

प्रति घण्टा सिफ्टः

राजश्व रकम प्राप्त भएको मितिः

| | |
|---|---|
| ....................... | .................. |
| पेश गर्ने कर्मचारी | प्रमाणित गर्ने |
| दस्तखत ........... | अधिकृत |

.

**अनुसूची-२**

**(बुदाँ ६ को (ग) संग सम्वन्धित)**

गौमुल गाउँ पालिकाको कार्यालय घटमुना, बाजुरा र .................विच गाउँ पालिकाको स्वामित्वमा रहेका डोजर भाडामा लगाउने कार्य सम्वन्धि

**सम्झौता पत्र**

गौमुल गाउँ पालिकाको कार्यालय घटमुना, बाजुरा (यस पछि प्रथम पक्ष भनिनेछ)र ........................(यस पछि दोस्रो पक्ष भनिने छ ) को विचमा डोजर भाडामा लगाउने कार्य देहाय बमोजिमको सेवा तथा सर्तहरुको अधिनमा रही कार्यन्वयन गर्न गराउन दुवै पक्ष एक आपसमा सहमत भई गौमुल गाउँ पालिकाको कार्यालयमा बसी यो द्वीपक्षिय सम्झौता पत्रमा हस्ताक्षर गरी लियौ दियौ ।

१. प्रथम पक्षले दोस्रो पक्षलाई ...................कार्यका लागी मिति.......................देखि मिति ............... सम्म ...............घण्टाको ...................भाडामा उपलब्ध गराउनु पर्नेछ ।

२. गौमुल गाउँपालिका क्षेत्र भित्र सार्वजनिक निर्माणको कार्य गर्न प्रति घण्टा रु..................मा दोस्रो पक्षले भुक्तान गर्ने गरी दुवै पक्षले यो सम्झौतामा हस्ताक्षर गर्‍यौ ।

३ डोजर को प्रयोगको क्रममा दोस्रो पक्षको लापरवाही बाट दुर्घटना भएको पुष्टि हुन आएमा र प्रथम पक्षको लापरवाहीको कारण डोजरको पार्ट पुर्जामा अस्वभाविक ढंगले क्षति हुन गएको पुष्टि हुन आएमा उक्त क्षतिको पूर्ति प्राविधिकको मुल्यांकन बमोजिम दोस्रो पक्षले गर्नेछ ।

डोजर संचालन सम्वन्धि कार्यविधि २०७८ मा भएका कुराको अतिरिक्त निम्न लिखित अधिकार प्रथम पक्षलाई हुनेछ ।

क) समयमा कार्य सम्पादन हुन नसके डोजर फिर्ता गरि सम्झौता भंग गर्ने ।

ख) प्रचलित कानून वा सम्झौता बमोजिम उपलब्ध हुने अन्य उपचार ।

सम्झौतामा उल्लेख नभएका विषय बस्तुको हकमा नेपालको प्रचलित कानून (सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४) बमोजिम हुनेछ ।

**प्रथम पक्षको तर्फवाट दोस्रो पक्षको तर्फवाट**

| | |
|---|---|
| दस्तखत..................... | दस्तखत.............. |
| प्रमुख प्रशासकीय अधिकृत | नामः .................. |
| गौमुल गाउँपालिका | ठेगानाः................ |
| घटमुना, बाजुरा । | मितिः..................... |

**साक्षिहरुः**

| | | |
|---|---|---|
| दस्तखतः ............. | दस्तखत.............. | दस्तखत............... |
| **योजना शाखा** | **जिन्सी शाखा** | **चालक** |

**आज्ञाले**
**जगदिश प्रसाद भट्ट**
**निमित्त प्रमुख प्रशासकीय अधिकृत**